पछिल्लो समयमा चेक अनादरका मुद्दा बढ्दै गएपछि नेपाल राष्ट्र बैंकले समय समयमा यस सम्बन्धमा निर्देशन जारी गर्दै आएको छ । राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७८ अनुसार फर्म, कम्पनी, संस्था तथा कार्यालयको नाममा खिचिएका (भुक्तानीका लागि जारी भएका) चेकहरु अनिवार्य रूपमा एकाउण्टपेयी हुनुपर्ने व्यवस्था छ । विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा ६ मा भएको व्यवस्था बमोजिम चेकमा लेखिएको रकम अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिनुपर्नेछ । बैंक तथा वित्तीय संस्थाले खिच्ने चेकको अग्रभागमा अन्य संस्थाको क्रस छाप वा कुनै पनि छाप लगाउन नपाइने, इलेक्ट्रोनिक चेक क्लियरेन्सको इमेज प्राप्त हुने भएकाले त्यसका पछाडि कालो रङमा डिजिटल हस्ताक्षर अनिवार्य हुनुपर्नेछ । बैंक तथा वित्तीय संस्थाले खिचेका चेकहरुको अग्रभागको खाली स्थानमा अनिवार्य रूपमा चेक राइटर, चेक पंच, चेक प्रोटेक्टर वा रिवन राइटर लगाउनु पर्ने व्यवस्था छ ।

प्रचलित कानूनमा भएका व्यवस्थालाई हेर्ने हो भने चेक अनादरको विषयलाई देवानी र फौजदारी प्रकृतिको कसूर र अपराधको रूपमा वर्गिकृत र परिभाषित गरेको छ । जस्तै : विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) ले बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंक समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित रकम र ब्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यस ऐन अन्तरगत चेक अनादर गर्नुपर्ने कारण परेको मितिले पाँच वर्षभित्र सम्बन्धित जिल्ला अदालतमा फिराद दायर गरिसक्नुपर्ने हदम्यादको व्यवस्था गरी देवानी प्रकृति मुद्दा चल्ने चलाउन पाउने प्रावधान सुनिश्चित गरिएको छ भने अर्कोतर्फ यसलाई फौजदारी कसूर करार गरी दुनियाँवादी फौजदारी मुद्दाको रूपमा र बैकिङ्ग कसुर मुद्दाको रूपमा कायम गरेको देखिन्छ । बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले एक वर्ष भित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले छ महिना भित्र सम्बन्धित उच्च अदालतको वाणिज्य इजलास समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ । बैकिङ्ग कसूर गरेमा बिगो भराई बिगो बमोजिम जरिबाना र कैद हुने प्रावधान रहेको छ ।

अर्कोतर्फ टंकबहादुर कार्कीको छोरी निर्मला सोडारी विरूद्ध गणेशकुमार रावलको जाहेरीले नेपाल सरकार भएको बैकिङ कसुर (चेक अनादर) मुद्दामा सर्वोच्च अदालतले कानूनमा कार्यविधिको दोहोरोपन रहेको अवस्थामा दुनियाँवादी भई चल्नसक्ने फौजदारी प्रकृतिका कसुरको न्यायिक उपचार पीडितको फिरादबाटै हुनसक्ने तथा त्यस्तो फिरादबाट कानूनी उपचार माग गर्दा पीडितको हक अधिकारमा तात्विक वा नकारात्मक असर पर्ने अवस्था नरहँदासम्म त्यस्तो विवादलाई सरकारवादी फौजदारी बनाई चलाउन उपयुक्त नहुने सिद्धान्त प्रतिपादन गरेको छ । (निर्णय नं. १०४४६) दानबहादुर प्रजापति विरूद्ध राजु थापा भएको चेक अनादर मुद्दामा सर्वोच्च अदालतले "कुनै व्यक्तिलाई दिएको चेक स्वतः अनादर भएको भनी कानूनले मान्न मिल्दैन । धारकले सो चेक बैंक समक्ष भुक्तानीको लागि प्रस्तुत गर्नु पर्दछ । साथै बैंकबाट चेक भुक्तानीको लागि पर्याप्त निक्षेप नरहेको भनी प्रमाणित भएकै हुनुपर्ने" सिद्धान्त प्रतिपादन गरेको छ । उक्त मुद्दामा सर्वोच्चले चेक डूयीले भुक्तानी दिनुपर्ने रकम भुक्तानी नदिएको वा चेक भुक्तानी दिन इन्कार गरेको अवस्थामा चेक अनादर हुने अवस्थाको सिर्जना हुने साथै चेक प्रदान गर्ने खातावालाको खातामा पर्याप्त रकम नभएको कारण बैंकबाट चेक धारकले रकम भुक्तानी पाउनबाट वञ्चित भएको अवस्थामा समेत चेक अनादर हुने उल्लेख गरेको छ । (निर्णय नं. १०३३४)

HR Challenges - How to Cope with them effectively?

Rabindra Kapali

Human Resource Management (HRM) is the practise of recruiting ,hiring, deploying and managing the organization employees. Organizations HR Department is usually responsible for creating, putting into effect and overseeing the policies governing workers and the relationship of the organization with its employees. The term Human Resource was firstly used in 1900's but more widely in 1960's, to describe the people who work for the organization, in aggregate. However, HRM is the employee management with an emphasis on those employees as the active assets of business environment.

Managing Human Resource in an organization has never been an easy task. HR challenges emerge every year in response to changes in the economy, political climate, and social context and circumstances. Talking about past few years, challenges in the field of HRM has grown rapidly due to means of technology, software updates and remote level of working environments. Human Resource Management is considered as strategic function that works for the better working environment, plan out human resource needs and strike a balance between the employers and the organizations to meet organization goal and productivity. In todays' competitive world it has gradually become one of the most important aspects to be discussed in organizational framework.

It has now becoming a great challenges understanding the psychology of workforce, retaining the talents in an organizations and really motivating them in their performance and making the means of unity, simultaneously. Globalization has resulted in many positive developments but it has left many concerns for HR Managers.

In today's diversified markets, coordinating and managing along with multicultural or diversified workforce is really meant of challenges for HR departments. The Managers are on their toes to strike the balance between employees and employers keeping in the mind about the recent trends of markets. It may be resulted with enermous consequences if the manager aren't able to handle the Human Resource Challenges effectively. So, responsibility of HR Manager have gradually becoming broaden and more strategic since the organization realized the importance of HR. The HR Manager have to adopt proactive strategy which helps them to foresee events and take the appropriate action before the event occurs. Proactive strategies call for awareness about the likely challenges the HR Manager will face in coming days are :


1. Handling Multicultural / Diverse Workforce:
Collaborating with multiple people and working with people from different age, gender, race, ethnicity, educational background, location, income, parental status, religious beliefs, marital status and ancestry and work experience can be a challenging task for HR managers. Effective communication, adaptability, agility and positive attitude of HR managers can bind the diverse workforce and retain talents in the organization.

2. Managing Change : Organizations environment is dynamic in nature. Technology keeps changing every now and then. Upgrading the existing technology and training people for them is a real headache for HR department. The success rate of technology change depends how well HRD can handle the change and manage people issues in the process. Beside these all workforce environment, organizations structure, rules regulation can also be flexible and volatile in nature that need to managed and worked smoothly.

3. Retaining the Talents : Globalization has given freedom to working professionals to work anywhere in the world. Maintaining harmonious relations with them, providing excellent work environment and offering more remuneration and perks than your competitors can retain and motivate them. Employee satisfaction towards their job and dedication for the organization can also be the part of retaining the skilled, talented employees.

4. Conflict Management : HR managers had great responsibility in handling employee-employer and employee-employee conflicts without hurting their feelings. Although, it is almost impossible to avoid conflicts among people in an organizations still handling them tactfully can help HR managers to resolve the issues. HR Manager should be able to listen to each party and communicate to them in a convincing manner in order to avoid future conflicts so that it may not cause adverse effect for organizational efficiency and effectiveness.

5. Challenges of Merger and acquisitions : Mergers and Acquisitions is an important financial tool that enables companies to grow faster and provide returns to owners and investors. A merger is a corporate strategy usually done between two or more than two companies where acquiring firm and acquired firm stand on a merger agreement. Therefore, HR most respond it tactfully and work on it on systematic manner in order to mitigate future arising problems and overcome the challenges in an organizations. The above mentioned factors are going to change the face, structure of HR functions in coming years. Therefore, the HR Manager need to be well acquainted and well equipped to face the future challenges. However, many challenges that are facing by human resource departments, there is need for organizations to adopt correct and workable policies that will not only ensure they alleviate these challenges, but also develop mechanisms of dealing with such challenges in case they occur in the future.



बैंकका गतिविधिहरू

सिटिजन्स बैंक १६ औं वर्षमा प्रवेश, डिजिटल बैंकिङ्गलाई उच्चप्राथमिकता



१५ औं बार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका अध्यक्ष श्री राजन सिंह भण्डारीले भन्नु भयो हामीले संस्थागत सुशासनको उच्चतम मापदण्डहरु कायम राख्दै आएका छौं र त्यसलाई निरन्तरता दिनेछौं भन्ने कुरा स्वीकार गर्न पाउँदामलाई असाध्यै खुशी लागेको छ। म ढुक्क हुन सक्छु कि हाम्रो व्यवस्थापन प्रक्रिया, संरचना र नीतिले हाम्रा मुल्यमान्यताहरूलाई पछ्याउन अनुमति दिन्छ । हामी हाम्रा आदरणीय ग्राहकहरुको सेवागर्नका निमित्त काम गर्छौं, यसैले हामी हाम्रा मूल्य मान्यताहरूलाई गम्भीर रूपमा लिन्छौं र सही कुरा गर्न प्रतिबद्ध छौं। यस सिद्धान्त प्रतिको हाम्रो समर्पण हाम्रो कम्पनीमा जनताको विश्वास कायम राख्ने कुञ्जी भएको छ, जुनहाम्रो दीर्घकालीन सफलताको अभिन्न अंग हो ।

मिति २०६४ बैशाख ७ गतेदेखि २० औं वाणिज्य बैंकको रूपमा स्थापना भएको सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले १५ वर्ष पूरा गरी १६ वर्षमा प्रवेश गरेको छ । यस १५ वर्षको अवधिपार गरिसक्दा बैंकले करिव १३ लाख ५५ हजार ग्रहक महानुभावहरूलाई वितिय सेवा प्रदान गर्न सफल भएको छ । सातवटै प्रदेशमा फैलिएको १७४ वटा शाखा मार्फत चालु आर्थिक बर्षको तेस्रो त्रैमास सम्ममा बैंकको कूल निक्षेप करिव रू १ खर्व ४६ अर्व ६१ करोड रूपैयाँ रहेकोमा कर्जा तर्फ रू १ खर्व ३६ अर्व ७२ करोड रूपैयाँ रहेको छ र यसै अवधिमा करिव रू १ अर्व ५८ करोड ९६ लाख खुद मुनाफा गर्न सफल भएको छ। बैंकले १५ औं बार्षिकोत्सवको अवसरमा बैशाख ७ गते बिहानै सातवटै प्रदेशमा प्रभात फेरी कार्यक्रम आयोजना गरेको छ जसबाट जन मानसमा वित्तीय ज्ञानको समेत अभिमुखिकरण हुने अपेक्षा बैंकले लिएको छ । साथै संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत बैंकले रक्तदान नै जिवनदान भन्ने नारालाई सार्थक बनाउदै रगतको आवश्यकता र खड्किरहने अभावलाई केहि हद सम्म भए पनि पूराहोस् भन्ने अभिप्रायका साथ नेपाल रेडक्रस सोसाईटी संगको सहकार्यमा सातवटै प्रदेशका कूल २३ स्थानबाट करिब ४०० जना रक्तदाताको सहभागीतामा रक्तदान कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ ।

यसै सिलसिलामा बैंकमा निरन्तर १५ वर्ष अनवरत सेवा प्रदान गरेका १५ जना कर्मचारीहरू तथा १० वर्ष अनवरत सेवाप्रदान गरेका ३६ जना कर्मचारीहरूलाई 'दीर्घ सेवा सम्मान पदक वितरण गरिएको छ।

यसै त्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेश राज पोखरेले भन्नु भयो मिशन टप टेन रणनीति मार्फत बैंकले धेरै सूचकहरुमा उल्लेखनीय सुधार गरेको छ। साथै आगामी दिनहरुमा वित्तीय क्षेत्रलाई द्रुत नव प्रवर्तन र थपआकार दिइनेछ । साथ साथै उद्देश्यलाई द्रुत रूपमा वास्तविकतामा परिणत गर्न बैंकलाई परिवर्तनात्मक रूपमा व्यक्तिगत पहुचमा ल्याईनेछ । आदरणीय ग्राहकहरूलाई धेरै च्यानलहरू मार्फत कहिपनि र कुनै पनि समयमा व्यावसायिक वित्तीय सेवाहरू प्रदान गर्ने लक्ष्य बैंकले लिएको छ । तसर्थ, बैंकले आफ्नो प्रक्रिया र प्रणालीलाई डिजिटल रूपान्तरण गर्ने आधार तयार गरिसकेको छ र बैंकको डिजिटल रूपान्तरण रणनीतिलाई निर्दिष्ट समयसीमा सहित डिजिटल रूपान्तरणका लागि २२ सम्भावित क्षेत्रहरु स्पष्ट रूपमा राखिएको छ । यसको कार्यान्वयन र सफलता काला गिजनता, प्रक्रिया र प्रविधिमा रणनीतिक काम गरिनेछ । साथ साथै बैंक भित्र डिजिटल संस्कृति अंगाल्नुको विकल्प छैन भन्नेमा मेरो दृढ विश्वास छ ।

ग्रहकको सुविधालाई सदैव केन्द्र विन्दुमा राखेर कामगर्ने क्रममा नेपालका विभिन्न सेवा प्रदायकहरू सँग सहकार्य गर्दै आएको यस बैंकले हालसालै भारतको मेदान्त मेडिसिटि अस्पताल सँग पनि बैंकका कार्डवाहक ग्राहक महानूभावहरूलाई अस्पतालको सेवा शुल्कमा १५५ सम्म छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।साथै बैंकले डिजिटल बैकिङ्गलाई उच्च प्राथमिकतामा राख्दै आफ्ना ग्राहक महानुभावहरूको सहजताका लागि कार्ड लेस क्यास विथड्रल (Cardless Cash Withdrawal) सेवाको सुरूवात गरेको छ र हालसालै बैंकले भौतिक रूपमा बैंकमा उपस्थित भई के.वाई.सी. (KYC) अध्यावद्यिक गर्ने बाध्यतालाई अन्त्यगर्दै ई.के.वाई.सी. (E-KYC) सेवा समेत संचालनमा ल्याएको छ । यसका साथै बैंकले नागरिक एप मार्फत अनलाइन खाता खोल्न सक्ने सुबिधा ल्याएको छ। साथ साथै यस बैंकका ग्राहकहरूको बैंक सम्बन्धी जिज्ञासा तथा समस्याहरूको छिटो भन्दा छिटो समाधान प्राप्त होस् भन्ने उद्येश्यले ग्राहक साहायता केन्द्र (Customer Support Centre) को समेत स्थापना गरिसकेको छ । आगामी दिनमा डिजिटल बैकिङ्ग सेवाको विकासमा बैंक अझै आक्रामक रूपमा प्रस्तुत हुने लक्ष्य बैंकले लिएको छ।

सिटिजन्स बैंक र र्याडिसन होटल काठमाडौं बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र र्याडिसन होटल काठमाडौं बीच सिटिजन्स बैंकका कार्डबाहकहरुलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले लाजिम्पाट स्थित र्याडिसन होटल साथै सो होटल द्वारा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सञ्चालित लाउन्जबाट प्रदान गरिने सेवाहरूमा समेत विशेष छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले हालसम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । यस्तै मोबाइल बैकिङ्ग मार्फत खानेपानी, विजुली तथा इन्टरनेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी, कार्डलेस विथड्रल (यो सुविधा मार्फत सिटिजन्स बैकका मोबाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरूले बिना कार्ड एटिएमबाट पैसा निकाल्न सक्नेछन) र मुद्दती खाताको आवेदन दिन सक्ने लगायतका व्यवस्था समेत गरेको जानकारी बैंकले गराएको छ ।

सिटिजन्स बैंक र सुर्खेत हस्पिटल प्रा.लि.बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र सुर्खेत स्थित सुर्खेत हस्पिटल प्रा.लि. बीच सिटिजन्स बैंकका कार्ड बाहकहरुलाई छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्ड बाहकहरूले सुर्खेत हस्पिटल बाट प्रदान गरिने सेवाहरूमा २०% सम्म छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले हालसम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । यस्तै मोबाइल बैकिङ्ग मार्फत खानेपानी, विजुली तथा इन्टरनेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी, कार्डलेस विथड्रल (यो सुविधा मार्फत सिटिजन्स बैकका मोबाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरूले बिना कार्ड एटिएमबाट पैसा निकाल्न सक्नेछन) र मुद्दती खाताको आवेदन दिन सक्ने लगायतका व्यवस्था समेत गरेको जानकारी बैंकले गराएको छ ।


बैंकका गतिविधिहरू

सिटिजन्स बैंक र बज रेस्टुरेन्ट प्रा.लि.बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र सुर्खेत स्थित बज रेस्टुरेन्ट प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले बज रेस्टुरेन्टका सेवा सुविधाहरूमा १०% छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले हालसम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । यस्तै मोबाइल बैकिङ्ग मार्फत खानेपानी, विजुली तथा इन्टरनेटको बिल भुक्तानी, प्रिपेड तथा पोष्टपेड मोबाइल बिल भुक्तानी, कार्डलेस विथड्रल (यो सुविधा मार्फत सिटिजन्स बैंकका मोबाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरूले बिना कार्ड एटिएमबाट पैसा निकाल्न सक्नेछन्) र मुद्दती खाताको आवेदन दिन सक्ने लगायतका व्यवस्था समेत गरेको जानकारी बैंकले गराएको छ ।



सिटिजन्स बैंकको रेमिटेन्स सेवा अब मोबाइल बैंकिङ्ग एपमा ।

डिजिटल बैंकिंगलाई सर्धै प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना आदरणीय ग्राहक महानुभावहरूलाई डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सेवा सुबिधा प्रदान गर्ने क्रममा सिटिजन्स मोबाइल बैंकिङ्ग एपबाट रेमिटेन्स सेवाको सुरूवात गरेको छ । अब बैंकका ग्राहक महानुभावहरूले नेपालभरि आन्तरिक बिप्रेषण पठाउन तथा प्राप्त गर्न साथै विदेशबाट पठाएको पैसा सिटिजन्स मोबाइल बैंकिङ्ग एप प्रयोग गरी देशको जुनसुकै स्थानमा सुरक्षित एंव सुलभ ढंगबाट प्राप्त गर्न सक्नुहुनेछ । यस सेवा प्रयोग गरी ग्राहक महानुभावहरूले बैंक खातामा सोझै रकम जम्मा गर्न वा बैंकको १७४ वटा शाखा तथा १२,००० भन्दा बढि एजेन्ट/सब- एजेन्ट बाट नगदै प्राप्त गर्न मिल्ने सुविधा प्राप्त गर्न सक्नुहुनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र फोकसवान प्रा.लि बिच कार्डमा आधारित भुक्तानी सेवा संचालन सम्बन्धी सम्झौता ।

डिजिटल बैकिङ्गलाई सर्धै प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना आदरणीय ग्राहक महानुभावहरूलाई डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सेवा सुबिधा प्रदान गर्ने क्रममा भुक्तानी सेवा प्रदायक, फोकसवान प्रा.लि सँग कार्डमा आधारित स्क्यान टू पे र क्यू आर (Scan to Pay/QR) माध्यमवाट भुक्तानी गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर गरी सेवा प्रारम्भ गरेको छ ।

उक्त सेवा संचालनमा आएसंगै बैंकका कार्ड बाहकहरूले फोकसवानद्वारा संचालित मोको (MOCO) डिजिटल वालेटमा बैंकका डेबिट/क्रेडिट कार्डहरू लिङ्क गरि सोही कार्डहरूबाट खर्च हुने गरि बिभिन्न सेवाहरू जस्तै मोबाइल टपअप, इन्टरनेट, विद्युत, खानेपानीको बिल भुक्तानी, हवाइजहाजको टिकट भुक्तानी लगायतका सेवाहरू प्रयोग गर्न सक्नेछन । यसै गरि बैंकका ग्राहकहरूले मोको वालेट मार्फत एन.सी.एच.एल (NCHL) को नेपाल पे अन्तर्गतका क्यू आर (QR) माध्यमवाट भुक्तानी समेत गर्न सक्नेछन । सिटिजन्स बैंक लगायतका बिभिन्न बैंकहरू द्वारा प्रबर्धित नेपाल पेमेन्ट सोलुसन (नेप्स) तथा फोकसवानको सहकार्यमा प्रारम्भ गरिएको यस सेवाबाट बैंकको डिजिटल बैंकिङ्ग सेवाको क्षेत्रमा नौलो आयाम थपिएको विश्वास बैंकले लिएको छ ।

सिटिजन्स बैंक र मनकामना हस्पिटल प्रा.लि. बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भरतपुर, चितवन स्थित मनकामना हस्पिटल प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले मनकामना हस्पिटलका विभिन्न सेवा सुविधाहरूमा १५% सम्म छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

बैंकले हाल सम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । त्यसै गरि आफ्ना कार्डबाहकहरूको सुविधालाई ध्यानमा राखी नेपाल भित्रका जुन सुकै बैंकको ए.टि.एमबाट पैसा निकाल्दा शुल्क नलाग्ने व्यवस्था पनि बैंकले विभीन्न वचत खातामा गरेको छ ।



बैंकका गतिविधिहरू

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा रहित बैंकिङ्ग सेवा धनुषा जिल्लाको, रमदैया भवाडीमा



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरूलाई सर्व सुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ्ग सेवा विस्तार गरेको छ । यसै क्रममा बैंकले धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका- ०१ रमदैया भवाडीमा यहि आषाढ ०३, गतेबाट ९४ औं शाखारहित बैंकिङ्ग सेवा प्रारम्भ गरेको छ । सो स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी शम्भु यादवलाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।

यस शाखा रहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरूको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउने लक्ष्य राखिएको छ । यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ्ग सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

सिटिजन्स बैंक र होटल हिमालयन भिल्ला प्रा.लि.बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नगरकोट स्थित होटल हिमालयन भिल्ला प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले होटल हिमालयन भिल्लाका विभिन्न सेवा सुविधाहरूमा ५०% सम्म छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले हालसम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । त्यसै गरि आफ्ना कार्डबाहकहरूको सुविधालाई ध्यानमा राखी नेपाल भित्रका जुन सुकै बैंकको एटिएमबाट पैसा निकाल्दा शुल्क नलाग्ने व्यवस्था पनि बैंकले विभिन्न वचत खातामा गरेको छ ।

सटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा रहित बैंकिङ्ग सेवा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका तोरीबारीमा



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरूलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुर्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ्ग सेवा विस्तार गरेको छ । यसै क्रममा बैंकले उदयपुर जिल्लाको त्रियुगा नगरपालिका- ०७ तोरीबारीमा यहि आषाढ ०६, गतेबाट ९५ औं शाखारहित बैंकिङ्ग सेवा प्राभरम्भ गरेको छ । सो स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी बाबुराम थापालाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।

यस शाखा रहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरूको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउने लक्ष्य राखिएको छ । यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ्ग सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

वेबसाइट मार्फत वित्तीय सेवा प्रदान गर्दै सिटिजन्स बैंक

डिजिटल बैंकिङ्गलाई सधैं प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना आदरणीय ग्राहक महानुभावहरूको वित्तीय आवश्यकताहरू अझ सहज ढङ्गबाट परिपुर्ति गर्ने अभिप्रायका साथ वेबसाइट मार्फत बिभिन्न आवश्यक सेवाहरूको लागि निवेदन दिन मिल्ने व्यवस्था गरेको छ ।

प्रारम्भिक रूपमा ग्राहकहरूले बैंकमा नगई आफ्नो डिम्याट, मेरो शेयर, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग तथा क्यु आर कोड लगायतका सेवाहरूको लागि अनलाइन मार्फत नै निवेदन दिन सक्ने व्यवस्था बैंकले गरेको छ ।

वेबसाइट मार्फत ग्राहकहरूले मोबाइल तथा इन्टरनेट बैंकिङ्गको निःशुल्क रेजिष्ट्रेशन / बन्द गर्न / पासवर्ड रिसेट, मेरो शेयरको रजिष्ट्रेशन/नविकरण / पासवर्ड रिसेट, सि. आर. एन नम्बर दर्ता तथा जानकारी, क्यु आर कोडको दर्ता / पासवर्ड रिसेट जस्ता सेवा घरैबाट प्राप्त गर्न सक्नेछन । यी सबै सेवाहरू बैंकको वेबसाइट मार्फत Smart Services वा https://servicerequests=ctznbank=com मा गएर प्राप्त गर्न सकिने जानकारी बैंकले दिएको छ । यस प्रकारको सेवाबाट बैंकका ग्राहकहरूले सहज रूपमा सेवा प्राप्त गरि लाभान्वित हुने र डिजिटल बैंकिङ्ग सभ्यताको विकास हुने विश्वास बैंकले लिएको छ । निकट भविष्यमा अन्य थुप्रै सेवाहरूलाई यसमा समावेश गर्दै लाने उद्देश्यका साथ कार्य भइरहेको जानकारी बैंकले गराएको छ ।



बैंकका गतिविधिहरू

ठमाण्डौ उपत्यकामा सिटिजन्स बैंकको थप ३ शाखा आषाढ १९, २०७९ काठमाडौं



१५ बर्ष देखी अनवरत स्पले सर्वसुलभ र सुरक्षित बैंकिङ्ग सेवा पूर्याउँदै आएको यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो १७५ औं, १७६ औं तथा १७७ औं शाखा काठमाडौंको ठूलो भर्याग, थली र बुढानिलकण्ठमा गरी थप ३ वटा शाखाहरू संचालनमा ल्याएको छ। यससंगै काठमाडौं उपत्यका भित्र यस बैंकको ३२ वटा शाखाहरू संचालनमा रहेका छन् ।

सुविधा सम्पन्न यस शाखाहरू मार्फत ग्राहकहरूको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिङ्ग सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरट व्यवसायीहरू माझ वित्तीय पहुँच पुर्याउने लक्ष्य बैंकले राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, लकर सेवा, ए.टि.एम.सेवा, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लगायतका वित्तीय सेवाहरू छिटो, छरितो, चुस्त र दुरूस्त स्पमा ग्राहकहरूलाई प्रदान गर्ने प्रतिबद्धता बैंकले जनाएको छ ।

साथै ग्राहक महानुभावहरूको वित्तीय आवश्यकताहरू सरल र सहज तवरले प्रवाह होस् भन्ने अभिप्रायका साथ बैंकले हालसालै काठमाण्डौंको नारायण गोपाल चोक शाखा, नवलपरासीको अमरापुरी शाखा, रूपन्देहीको बाँसगढी शाखा र हुम्ला जिल्लाको सिमिकोट शाखा गरी ४ वटा शाखा स्थानान्तरण गर्ने कार्य समेत सम्पन्न गरिसकेको छ।


आफ्ना आदरणीय ग्राहक महानुभावहरूको वित्तीय आवश्यकताहरू सुरक्षित तवरले प्रदान गर्दे आएको यस बैंकले प्रमुख वित्तीय सूचकहरु नियामक निकायले तोकेको सिमा भित्र कायम गरेको छ । रू १ खर्ब ४८ अर्ब निक्षेप संकलन गरि रू १ खर्ब ३४ अर्ब कर्जा प्रबाह गरि करिब १४ लाख ग्राहकहरूलाई अत्याधुनिक सेवा प्रदान गर्दै आएको छ । त्यसै गरि कर्जा निक्षेप अनुपातका सँगै अन्य वित्तीय परिसूचकहरू पनि नियमक निकायले तोकेको सिमा भित्रै कायम गरेको छ ।

सिटिजन्स बैंक र अलफ्ट काठमाडौं ठमेल बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र छाँयाँदेवी कम्प्लेक्स, ठमेल स्थित अलफ्ट काठमाडौं ठमेल बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले अलफ्ट होटलको नुक रेस्टुरेन्ट, रि:फ्युल कफि सप र एक्वा बारमा १०% सम्म छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले हालसम्म कार्ड नभएका आफ्ना ग्राहकहरूलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स इन्स्ट्यान्ट कार्डको व्यवस्था समेत गरेको छ । त्यसै गरि आफ्ना कार्डबाहकहरूको सुविधालाई ध्यानमा राखी नेपाल भित्रका जुनसुकै बैंकको एटिएमबाट पैसा निकाल्दा शुल्क नलाग्ने व्यवस्था पनि बैंकले विभिन्न वचत खातामा गरेको छ ।



बैंकका गतिविधिहरू

नयाँ शाखा उद्घाटन-बुढानिलकण्ठ



















बैंकका गतिविधिहरू

नयाँ शाखा उद्घाटन-सूर्यविनायक















बैंकका गतिविधिहरू

नयाँ शाखा उत्घाटन-थली



















बैंकका गतिविधिहरू


नयाँ शाखा उद्घाटन-ठुलो भन्याङ्ग



















बैंकका गतिविधिहरू

शाखा स्थानान्तरण-सिमिकोट

















बैंकका गतिविधिहरू

शाखा स्थानान्तरण-अमरापुरी


















बैंकका गतिविधिहरू


शाखा स्थानान्तरण-बाँसगढी

















बैंकका गतिविधिहरू

शाखा स्थानान्तरण-नारायण गोपाल चोक
















बैंकका गतिविधिहरू

बैंकको १५ औं वार्षिकोत्सव

















बैंकका गतिविधिहरू

बैंकको १५ औं वार्षिकोत्सव





